सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री तेजबहादुर के.सी.
माननीय न्यायाधीश श्री पुरुषोत्तम भण्डारी

आदेश

०७५-MS-०००९

मुद्दाः अदालतको अवहेलना।

नुवाकोट जिल्ला साविक जिलिङ्ग गा.वि.स. वडा नं.३ हाल बेलकोटगढी नगरपालिका वडा नं. ८ बस्ने राजेन्द्र चित्रकार-----------------------------१ निवेदक

विरुद्ध

श्री डोरमणि पौडेल, मुख्यमन्त्री तथा प्रदेश मन्त्रिपरिषद्को कार्यालय, प्रदेश सरकार, प्रदेश नं.३, हेटौंडा, मकवानपुर--------------------------------------१

मुख्यमन्त्री तथा प्रदेश मन्त्रिपरिषद्को कार्यालय, प्रदेश सरकार, प्रदेश नं.३ हेटौंडा, मकवानपुर----------------------------------------------------------------१ विपक्षी प्रत्यर्थी

नुवाकोट जिल्ला, विदुर नगरपालिका वडा नं.८, त्रिशुली कोलनीस्थित कार्यालय रहेको नेपाल विद्युत प्राधिकरण नुवाकोट वितरण केन्द्र-----------------------१

न्याय प्रशासन ऐन २०७३ को दफा १७(१) बमोजिम बमोजिम दायर हुन आएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार छः-

तथ्य खण्ड

१) उल्लेखित विपक्षीहरु समेतसँग ०७४-WO-०७०४ को उत्प्रेषण परमादेश समेतको रिट निवेदन यसै अदालतबाट मिति २०७५।०१।२५ गते अन्तरिम आदेश जारी भई मुद्दा विचाराधीन रहेकै बखत विपक्षीले २०७५ असोजमा कर तथा गैरकर राजश्व सम्बन्धी ऐन, २०७५ लाई उल्लेख गरी सो कानूनको क्षेत्रभित्र नपर्ने नदीजन्य पदार्थ (संकलन र उपयोग) सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि, २०७५ तर्जुमा गरिएको रहेछ । सो कार्यविधिको दफा १८(५) मा "मापदण्ड पूरा

नगरी स्थापना भई सञ्चालन भएका नदीजन्य पदार्थ प्रशोधन उद्योगले ३ महिनाभित्र यो मापदण्ड बमोजिम स्थानान्तरण हुनु पर्ने छ । दर्ता नभई सञ्चालनमा रहेका र उक्त अवधिभित्र स्थानान्तरण नहुने उद्योग स्वतः खारेज हुनेछ, तर काबु बाहिरको परिस्थिति श्रृजना भई स्थानान्तरण हुन नसकेमा प्रदेश सरकारको निर्णय अनुसार हुनेछ" भन्ने व्यवस्था गरी अनुसूची ३ मा दुरी सम्बन्धी मापदण्ड तयार गरी यस अदालतबाट भएको आदेश र मन्त्रीपरिषद्को मिति २०७०।३।२७ र २०७०।५।१७ को निर्णयमा उल्लेखित मापदण्डविपरित कार्य गरेकोले सो कार्य प्रारम्भदेखि नै शुन्य कायम गराई विपक्षीलाई न्याय प्रशासन ऐन, २०७३ को दफा १७ (१) को कसुरमा उपदफा ४ बमोज़िम हदैसम्मको सजाय गरी पाउन प्रस्तुत निवेदन लिई उपस्थित भएको छु।

२) विपक्षीले जारी गरेको उल्लेखित कार्यविधि कानूनी श्रोतको अभावमा स्वतः प्रभावहिन र निष्क्रिय छ । उल्लेखित विषय प्रदेश र संघको साझा अधिकार क्षेत्रभित्र पर्ने भएको भएकोले सो सम्बन्धी संघीय कानून तर्जुमा नभएसम्म विपक्षीले कुनै कानून आदेश गर्न सक्ने होइन । क्रसर उद्योगहरुको प्रभावमा परी नेपाल सरकार मन्त्रीपरिषद्को निर्णय र सम्मानित अदालतको आदेशलाई छल्ने नियतले विपक्षीहरुले कार्य गरिरहेको, विपक्षी नं.३ ले अदालतको आदेशले बन्द भएका नुवाकोट जिल्लाका क्रसर उद्योगहरुलाई बिजुली आपूर्ति गरिरहेकोले विपक्षीहरुलाई हदैसम्मको सजाय हुने प्रष्ट छ।

३) अदालतको आदेश वा फैसलालाई वाध्यात्मक रुपमा पालना गर्नु पर्ने हुन्छ । अन्यथा कानूनको शासनको सट्टा स्वेच्छाचारिता हुन हाबी भई राज्यमा अराजकता बढ्न गई राज्य व्यवस्थाको औचित्यताको नै अन्त्य हुन जाने हुँदा अदालतको अपहेलना हुने कार्यमा सजाय गरिपर्ने (ने.का.प.२०७४ अंक २ नि.नं. ९७६६), कसैले जानी-जानी अदालतको अपहेलना गरेमा गरिमामा आँच आउने, प्रतिष्ठा र इज्जतलाई अपमानित गर्ने कार्य अदालतको अपहेलना हुने कार्य अन्तर्गत पर्दछ (ने.का.प. २०६९ अंक १ नि.नं.८७५९), न्याय प्रशासनको कार्यप्रति अविश्वास वा अनास्था हुने कुनै कार्य गर्नु वा अदालतको सम्मान, मर्यादा वा प्रतिष्ठामा आँच पुयाउने कार्य गर्नु अदालतको अपमानजनक कार्य हुने (ने.का.प.२०६८ अंक १ नि.नं.८५३९) समेतका नजिर सिद्धान्तविपरित विपक्षीहरुले अदालतमा मुद्दा विचाराधीन रहँदाकै अवस्थामा हुँदै नभएको अधिंकार प्रयोग गरी नदीजन्य पदार्थ (संकलन र उपयोग) सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि, २०७५ तर्जुमा गरी

अदालतको अपहेलनाजन्य कार्य गरेकोले विपक्षीहरुलाई हदैसम्मको सजाय गरी पाउने प्रष्ट छ।

४) अतः माथि उल्लेखित तथ्य कानूनका आधारमा सर्वोच्च अदालतबाट प्रतिपादित नजिर सिद्धान्तसमेत विपरित हुने गरी विपक्षीले अदालतप्रति अनास्था पैदा हुने, क्षेत्राधिकार नै नभएको विषयमा कार्यविधि तयार पारेको संवैधानिक तथा कानूनी अवधारणा मूल्य मान्यतासमेत विपरित भई गम्भीर रुपमा सम्मानित सर्वोच्च अदालतको अपहेलना भएको हुँदा विपक्षीहरुलाई न्याय प्रशासन ऐन, २०७३ को दफा १७ को उपदफा (१) बमोजिम सम्मानित सर्वोच्च अदालतको अपहेलनामा कारबाही गरी न्याय प्रशासन ऐन, २०७३ को दफा १७ को उपदफा (४) बमोजिम हदैसम्मको सजाय गरी पाउँ । साथै कानूनी स्रोत बिना अदालतमा विचाराधीन मुद्दालाई प्रभाव पार्ने गरी गरिएका निर्णय र अन्तरिम कार्यविधिलाई कार्यान्वयन नगर्न स्वतः बदरभागी गर्ने आदेश लगायत अन्य जो चाहिने आदेश जारी गरी पाउँ भन्ने बेहोराको राजेन्द्र चित्रकारको यस अदालतमा पर्न आएको निवेदन।

५) यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी गर्न नपर्ने हो ? माग बमोजिमको आदेश जारी गर्न नपर्ने कुनै आधार र कारण भए यो आदेश प्राप्त भएका मितिले बाटाको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र विपक्षी नं. १ र २ को हकमा महान्यायाधिवक्ताको कार्यालय मार्फत तथा विपक्षी नं. ३ को हकमा आफै वा आफ्नो कानूनबमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरुको नाममा सूचना म्याद पठाई लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेस गर्नू भन्ने यस अदालतको मिति २०७५।८।१७ को आदेश।

६) विपक्षी रिट निवेदकले सम्मानित सर्वोच्च अदालतको ०७४-WO-०७०४ को उत्प्रेषण परमादेश समेतको रिट निवेदनमा मिति २०७५/०१/२५ मा अन्तरिम आदेश जारी भएको देखिन्छ । यसरी उक्त मितिमा आदेश जारी भएको कुनै पनि सूचना यस कार्यालयमा प्राप्त भएको छैन । तथापि प्रस्तुत आदेशमा "क्रसर उद्योग सञ्चालन गर्न नदिनु" भन्ने उल्लेख भएको अवस्था देखिन्छ तर प्रदेश सभा तथा प्रदेश सरकारले यस विषयमा कानून नबनाउनु भन्ने उल्लेख भएको भने छैन । नेपालको संविधानको धारा ५६ बमोजिम मुलुक संघीय संरचनामा गएकोले प्रदेश सभा र प्रदेश सरकार गठन भई आवश्यक कानून बनाउँदै गरेको अवस्था छ । संविधानको धारा ५७ बमोजिम प्रदेश सभाले संविधानको अनुसूची-६ बमोजिमका एकल

अधिकार सूचीका विषयमा संविधान र संघीय कानूनसँग नबाझिने गरी "कर तथा गैर कर राजश्व सम्बन्धी ऐन,२०७५" बनाएको हो र उक्त ऐनले दिएको अधिकार प्रयोग गरी "नदीजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि,२०७५". प्रदेश सरकार (मन्त्रिपरिषद्) ले स्वीकृत गरेको हो ।

७) प्रकरण २ मा उल्लिखित कार्यविधी नेपाल सरकार (मन्त्रिपरिषद्) बाट २०७०/०३/२७, २०७०/०५/१७ र २०७१/०५/१७ को निर्णयलाई प्रमुख आधार मानी जारी गरेको "रोडा, ढुंगा संकलन तथा क्रसर उद्योग दुरी सम्बन्धी मापदण्ड, २०७३" सँग मेल खाने गरी (नबाझिने गरी) प्रदेश सरकारले संविधान र प्रदेश ऐनले दिएको अधिकार प्रयोग गरी "नदिजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि,२०७५" स्वीकृत गरेको हो । विपक्षीले उठाउनु भएको क्रसर उद्योगको नविकरण गर्ने सम्बन्धी व्यवस्था सारभूत विषय भएकोले कार्यविधीले सम्बोधन गर्नुपर्ने होइन ।

८) नेपालको संविधानले प्रत्यायोजन गरेको अधिकार प्रयोग गरी कानून सम्मत रुपमा संविधान तथा प्रचलित संघीय कानूनसँग नबाझिने गरी यस प्रदेशबाट कानून सम्मत रुपमा कार्यविधी तयार गरिएको हुँदा विधिको शासनलाई उच्च सम्मान गर्दै सम्मानित सर्वोच्च अदालत प्रति विपक्षीले उल्लेख गरे बमोजिम "न्यायलय प्रतिको जनआस्थामा प्रतिकुल असर पार्ने तथा अदालतको अवहेलना हुने गरी " कुनै कार्य गरेको छैन । संवैधानिक मूल्य मान्यता र विधीको शासनमा रहेर नै कार्य गरेको हुँदा अदालतको अबहेलना गर्ने मनसाय नभएको व्यहोरा उल्लेख गर्दै उक्त रिट निवेदन खारेज गरी पाऊँ । विपक्षी स्वयंले नै २०७५ सालको ऐन र कार्यविधिको सम्बन्धमा ऐन र कार्यविधी बन्नुभन्दा अगावै मिति २०७४/१२/२७ मा रिट निवेदन तयार गरी अदालत प्रवेश गरेको देखिँदा प्रथमदृष्टिमा नै निवेदन खारेज योग्य भएकोले उक्त रिट निवेदन खारेज गरी पाऊँ भन्ने बेहोराको प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, परदेश नम्वर ३ को तर्फबाट यस अदालतमा परेको लिखित जवाफ।

९) विपक्षी रिट निवेदकले सम्मानित सर्वोच्च अदालतको ०७४-WO-०७०४ को उत्प्रेषण परमादेश समेतको रिट निवेदनमा मिति २०७५/०१/२५ मा अन्तरिम आदेश जारी भएको देखिन्छ । यसरी उक्त मितिमा आदेश जारी भएको कुनै पनि सूचना यस कार्यालयमा प्राप्त भएको छैन । तथापी प्रस्तुत आदेशमा "क्रसर उद्योग सञ्चालन गर्न नदिनु" भन्ने उल्लेख भएको अवस्था देखिन्छ तर प्रदेश सभा तथा प्रदेश

सरकारले यस विषयमा कानून नबनाउनु भन्ने उल्लेख भएको भने छैन । नेपालको संविधानको धारा ५६ बमोजिम मुलुक संघीय संरचनामा गएकोले प्रदेश सभा र प्रदेश सरकार गठन भई आवश्यक कानून बनाउदै गरेको अवस्था छ । संविधानको धारा ५७ बमोजिम प्रदेश सभाले संविधानको अनुसूची-६ बमोजिमका एकल अधिकार सूचीका विषयमा संविधान र संघीय कानूनसँग नबाझिने गरी "कर तथा गैर कर राजश्व सम्बन्धी ऐन,२०७५" बनाएको हो र उक्त ऐनले दिएको अधिकार प्रयोग गरी "नदिजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि,२०७५" प्रदेश सरकार (मन्त्रिपरिषद्ले) स्वीकृत गरेको हो ।

१०) प्रकरण २ मा उल्लिखित कार्यविधि नेपाल सरकार (मन्त्रिपरिषद्) बाट २०७०/०३/२७, २०७०/०५/१७ र २०७१/०५/१७ को निर्णयलाई प्रमुख आधार मानी जारी गरेको "रोडा, ढुंगा संकलन तथा क्रसर उद्योग दुरी सम्बन्धी मापदण्ड, २०७३" संग मेल खानेगरी (नबाझिने गरी) प्रदेश सरकारले संविधान र प्रदेश ऐनले दिएको अधिकार प्रयोग - "नदिजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि,२०७५" स्वीकृत गरेको हो । विपक्षीले उठाउनु भएको क्रसर उद्योगको नविकरण गर्ने सम्बन्धी व्यवस्था सारभूत विषय भएकोले कार्यविधीले सम्बोधन गर्नुपर्ने होइन । नेपालको संविधानले प्रत्यायोजन गरेको अधिकार प्रयोग ग्री कानून सम्मत रुपमा संविधान तथा प्रचलित संघीय कानूनसँग नबाझिने गरी यस प्रदेशबाट कानून सम्मत रुपमा कार्यविधि तयार गरिएको हुँदा विधिको शासनलाई उच्च सम्मान गर्दै सम्मानित सर्वोच्च अदालत प्रति विपक्षीले उल्लेख गरे बमोजिम "न्यायलय प्रतिको आस्थामा प्रतिकुल असर पार्ने तथा अदालतको अवहेलना हुने गरी" कुनै कार्य गरेको छैन । संवैधानिक मूल्य मान्यता र विधीको शासनमा रहेर नै कार्य गरेको हुँदा अदालतको अबहेलना गर्ने मनसाय नभएको व्यहोरा उल्लेख गर्दै उक्त रिट निवेदन खारेज गरी पाऊँ । विपक्षी स्वयंले नै २०७५ सालको ऐन र कार्यविधिको सम्बन्धमा ऐन र कार्यविधि बन्नुभन्दा अगावै मिति २०७४/१२/२७ मा रिट निवेदन दायर गरी अदालत प्रवेश गरेको देखिँदा प्रथमदृष्टिमा नै रिट निवेदन खारेज योग्य भएकोले उक्त रिट निवेदन खारेज गरी पाऊँ भन्ने बेहोराको श्री डोरमणी पौडेल, मुख्यमन्त्री, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको तर्फबाट यस अदालतमा परेको लिखित जवाफ।

११) विपक्षी निवेदकले सम्मानित अदालतमा दायर गरेको मिति २०७४।१२।२७ को ०७४-WO-०७०४ को रिट निवेदनमा नेपाल विद्युत प्राधिकरण नुवाकोट वितरण

केन्द्रलाई विपक्षी बनाएको पनि छैन र प्राधिकरणको हकमा नुवाकोट जिल्लामा संचालन भएका क्रसर उद्योगको बिजुली लाईन काट्नु भन्ने सम्बन्धमा कुनै अन्तरिम आदेश जारी भएको छैन ।

१२) निवेदक नेपाल विघुत प्राधिकरण (यसपछि "प्राधिकरण" मात्र भनिएको) नेपाल विघुत प्राधिकरण ऐन, २०४१ बमोजिम संस्थापित कानूनी निकाय (Statutory Entity) हो । कानून बमोजिम दर्ता भएको प्रमाणपत्र समेत राखी सम्बन्धित स्थानिय निकायको सिफारिससमेतको आधारमा विघुत वितरण विनियमावली, २०६९ को विनियम ३(१)(क) देखि (ज) र (२)(३)( ४) मा उल्लेखित शर्तहरु पुरा गरेको निवेदकले विघुत लाईन लिन पाउने विनियम प्रद्दत कानूनी व्यवस्था रहेको छ । कानून बमोजिम विघुत लाईन लिएका र खपत युनिट अनुसार विधुत महसुल तिरी आएको ग्राहकहरुको विना कानुनी आधार लाईन काट्ने अधिकार प्राधिकरण नुवाकोट वितरण केन्द्रलाई रहेको छैन । त्यसै गरी ऐ.विनियमावलीको विनियम २३ (१)(क) देखि (ड) (२)(३)(४)(६) ( ७)(८)(९)मा विघुत लाईन काट्न सकिने कानूनी व्यवस्था रहेको छ । उल्लेखित कानुनी प्रावधान बाहेक जडान भएको मिटर काट्ने बन्द गराउन सकिदैन । हालको अवस्थामा त्यस्ता क्रसर उद्योगहरुबाट विनियम प्रद्दत कानूनी व्यवस्थाको उल्लंघन भएको अर्थात उल्लेखित विनियमको उल्लंघन भएको अवस्था समेत रहेको छैन ।

१३) सम्मानित अदालतबाट क्रसर उद्योग बन्द भएको तर लाईन काट्ने आदेश नभएको अवस्थामा बन्द भएको नुवाकोट जिल्लाको क्रसर उद्योगहरुलाई बिजुली आपूर्ति गरिरहेकोले हदैसम्म सजाय गरी पाउँ भन्ने निवेदन माग दावीमा कुनै कानूनी प्रश्न रहेको छैन । प्राधिकरण (नुवाकोट वितरण केन्द्र) मुद्दामा प्रतिवादी प्रत्यर्थी रहेको पनि छैन र सम्मानित अदालतबाट लाईन बन्द गर्नु भन्ने आदेश पनि भएको छैन भने जसले लाईन लिएकाछन ति ग्राहकहरुले पनि बिजुली लाईन काटी पाउँ मिटर बन्द गरी पाउँ भनी निवेदन दिएको अवस्था समेत छैन । त्यस्ता ग्राहकले विघुत महसुल नतिरी राखेको अवस्था पनि नभएको र अदालतबाट लाईन काट्नु भन्ने आदेशसमेत नभएको अवस्थामा विघुत लाईन काट्ने बन्द गर्ने अधिकार प्राधिकरणले राख्दैन । कानून बमोजिम आफना ग्राहकहरुले लिएको विघुत लाईन बन्द गर्न काट्न सकिने अवस्था हुन्छ तर अन्य अवस्थामा सो अधिकार भएको तर सम्मानित अदालतबाट नुवाकोट जिल्ला अदालतमा संचालित क्रसर उद्योगमा जडान गरिएको विघुत मिटर बन्द गर्नु लाईन काट्नु भन्ने आदेश समेत नभएको अवस्थामा यस

वितरण केन्द्रबाट अदालतको अपहेलनाजन्य कुनै कार्य नगरेको हुँदा विपक्षीको निवेदन खारेज गरी न्याय इन्साफ गरी पाउँ भन्ने बेहोराको नेपाल विद्युत प्राधिकरण वितरण तथा ग्राहक सेवा निर्देशनालय, नुवाकोट वितरण केन्द्र नुवाकोटको तर्फबाट यस अदालतमा परेको लिखित जवाफ।

ठहर खण्ड

१४) नियमबमोजिम दैनिक मुद्दा पेशी सूचीमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत निवेदनको मिसिल अध्ययन गरी निवेदक राजेन्द्र चित्रकारको तर्फबाट विद्वान अधिवक्ता द्वय श्री ज्योती वानिया र श्री हरिचन्द्र तिमल्सेनाले उल्लेखित विपक्षीहरु समेतसँग ०७४-WO-०७०४ को उत्प्रेषण परमादेश समेतको रिट निवेदनमा मिति २०७५।०१।२५ गते अन्तरिम आदेश जारी भई मुद्दा विचाराधीन रहेकै बखत विपक्षीले २०७५ असोजमा कर तथा गैरकर राजश्व सम्बन्धी ऐन, २०७५ लाई उल्लेख गरी सो कानूनको क्षेत्रभित्र नपर्ने नदीजन्य पदार्थ (संकलन र उपयोग) सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि, २०७५ तर्जुमा गरिएको रहेछ । उल्लेखित विषय प्रदेश र संघको साझा अधिकार क्षेत्रभित्र पर्ने भएकोले सो सम्बन्धी संघीय कानून तर्जुमा नभएसम्म विपक्षीले कुनै कानून आदेश गर्न सक्ने होइन । विपक्षी नं.३ ले अदालतको आदेशले बन्द भएका नुवाकोट जिल्लाका क्रसर उद्योगहरुलाई बिजुली आपूर्ति गरिरहेकोले विपक्षीहरुलाई हदैसम्मको सजाय हुने प्रष्ट छ। संवैधानिक तथा कानूनी अवधारणा मूल्य मान्यतासमेत विपरित क्षेत्राधिकार नै नभएको विषयमा कार्यविधि तयार गरी यस अदालतबाट भएको आदेश र मन्त्रीपरिषद्को मिति २०७०।३।२७ र २०७०।५।१७ को निर्णयमा उल्लेखित मापदण्डविपरित कार्य गरेकोले अदालतको अपहेलना भएको हुँदा विपक्षीहरुलाई न्याय प्रशासन ऐन, २०७३ को दफा १७ को उपदफा (१) बमोजिमको कसूरमा कारबाही गरी न्याय प्रशासन ऐन, २०७३ को दफा १७ को उपदफा (४) बमोजिम हदैसम्मको सजाय गरी पाउँ भनी पाउँ भनी बहस गर्नुभयो । विपक्षीहरु वागमती प्रदेश र प्रदेश सरकारी कार्यालयको तर्फबाट मुख्य न्यायाधिवक्ता श्री ओम प्रसाद थपलियाले यस अदालतबाट मिति २०७५/०१/२५ मा जारी भएको अन्तरिम आदेशमा "क्रसर उद्योग सञ्चालन गर्न नदिनु" भन्ने उल्लेख भएको देखिन्छ । तर प्रदेश सभा तथा प्रदेश सरकारले यस विषयमा कानून नबनाउनु भन्ने उल्लेख भएको भने छैन । नेपालको संविधानको धारा ५६ र धारा ५७ बमोजिम प्रदेश सभाले संविधानको अनुसूची-६ बमोजिमका एकल अधिकार सूचीका विषयमा संविधान र

संघीय कानूनसँग नबाझिने गरी "कर तथा गैर कर राजश्व सम्बन्धी ऐन,२०७५" बनाएको हो र उक्त ऐनले दिएको अधिकार प्रयोग गरी "नदीजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि,२०७५". प्रदेश सरकार (मन्त्रिपरिषद्) ले स्वीकृत गरेको हो । उल्लिखित कार्यविधी नेपाल सरकार (मन्त्रिपरिषद्) बाट २०७०/०३/२७, २०७०/०५/१७ र २०७१/०५/१७ को निर्णयलाई प्रमुख आधार मानी जारी गरेको "रोडा, ढुंगा संकलन तथा क्रसर उद्योग दुरी सम्बन्धी मापदण्ड, २०७३" सँग मेल खाने गरी (नबाझिने गरी) प्रदेश सरकारले संविधान र प्रदेश ऐनले दिएको अधिकार प्रयोग गरी "नदिजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि,२०७५ स्वीकृत गरेकोले "न्यायालय प्रतिको जनआस्थामा प्रतिकुल असर पार्ने तथा अदालतको अवहेलना हुने गरी " कुनै कार्य नगरेकोले निवेदन खारेज गरी पाउँ भनी बहस गर्नुभयो। विपक्षी नेपाल विद्युत प्राधिकरण वितरण तथा ग्राहक सेवा निर्देशनालय, नुवाकोट वितरण केन्द्र नुवाकोटको तर्फबाट विद्वान अधिबक्ता श्री राजन अधिकारीले नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ र विद्युत वितरण विनियमावली, २०६९ अनुसारको आवश्यक कानूनी प्रकृया पुरा गरी विद्युत लाईन लिन र विद्युत लाईन काट्न सकिने कानूनी व्यवस्था रहेको छ । उल्लेखित कानुनी प्रावधान बाहेक जडान भएको मिटर काट्ने बन्द गराउन सकिदैन । यस अदालतबाट मिति २०७५/०१/२५ मा जारी भएको अन्तरिम आदेशको रिट निवेदनमा यस प्राधिकरण (नुवाकोट वितरण केन्द्र)लाई प्रतिवादी प्रत्यर्थी बनाएको पनि छैन भन्ने सम्मानित अदालतबाट लाईन बन्द गर्नु भन्ने आदेश पनि भएको छैन र जसले लाईन लिएका छन् ति ग्राहकहरुले पनि बिजुली लाईन काटी पाउँ मिटर बन्द गरी पाउँ भनी निवेदन दिएको अवस्थासमेत नहुदाँ यस वितरण केन्द्रबाट अदालतको अपहेलनाजन्य कुनै कार्य नगरेको हुँदा विपक्षीको निवेदन खारेज गरी पाउँ भनी बहस गर्नुभयो।

१५) उपरोक्तअनुसारको तथ्यगत बिषय र दुवै पक्षका कानुन व्यवसायीहरुको बहस जिकिरसमेत सुनी प्रस्तुत निवेदनको मिसिल संलग्न प्रमाण कागज अध्ययन गरी निर्णयतर्फ विचार गर्दा प्रस्तुत निवेदनमा निवेदकको मागबमोजिमको अदालतको अवहेलनाको आदेश जारी हुनुपर्ने हो होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो ।

१६) यसमा उल्लेखित विपक्षीहरुसमेत भएको ०७४-WO-०७०४ को उत्प्रेषण परमादेशसमेतको रिट निवेदनमा मिति २०७५।०१।२५ गते अन्तरिम आदेश जारी भई मुद्दा विचाराधीन रहेकै अवस्थामा प्रदेश र संघको साझा अधिकार क्षेत्रभित्र

पर्ने विषयमा संघीय कानून तर्जुमा नभएसम्म विपक्षीले कुनै कानून आदेश गर्न सक्ने होइन । संवैधानिक तथा कानूनी अवधारणा मूल्य मान्यतासमेत विपरित क्षेत्राधिकार नै नभएको विषयमा विपक्षीले २०७५ असोजमा कर तथा गैरकर राजश्व सम्बन्धी ऐन, २०७५ लाई उल्लेख गरी सो कानूनको क्षेत्रभित्र नपर्ने नदीजन्य पदार्थ (संकलन र उपयोग) सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि, २०७५ समेतका कार्यविधि तयार गरी यस अदालतबाट भएको आदेश र मन्त्रीपरिषद्को मिति २०७०।३।२७ र २०७०।५।१७ को निर्णयमा उल्लेखित मापदण्डविपरित कार्य गरी र विपक्षी नं.३ ले अदालतको आदेशले बन्द भएका नुवाकोट जिल्लाका क्रसर उद्योगहरुलाई बिजुली आपूर्ति गरिरहेकोले अदालतको अपहेलना भएको हुँदा विपक्षीहरुलाई हदैसम्मको सजाय गरी पाउँ भन्ने निवेदकको निवेदन दावी भएकोमा यस अदालतबाट मिति २०७५/०१/२५ मा जारी भएको अन्तरिम आदेशमा प्रदेश सभा तथा प्रदेश सरकारले यस विषयमा कानून नबनाउनु भन्ने उल्लेख भएको छैन । नेपालको संविधानको धारा ५६ र धारा ५७ बमोजिम प्रदेश सभाले संविधानको अनुसूची-६ बमोजिमका एकल अधिकार सूचीका विषयमा संविधान र संघीय कानूनसँग नबाझिने गरी "कर तथा गैर कर राजश्व सम्बन्धी ऐन,२०७५" बनाएको हो र उक्त ऐनले दिएको अधिकार प्रयोग गरी "नदीजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि,२०७५". प्रदेश सरकार (मन्त्रिपरिषद्) ले स्वीकृत गरेको हो । उल्लिखित कार्यविधी नेपाल सरकार (मन्त्रिपरिषद्) बाट २०७०/०३/२७, २०७०/०५/१७ र २०७१/०५/१७ को निर्णयलाई प्रमुख आधार मानी जारी गरेको "रोडा, ढुंगा संकलन तथा क्रसर उद्योग दुरी सम्बन्धी मापदण्ड, २०७३" सँग मेल खाने गरी ("नदिजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि,२०७५ स्वीकृत गरेकोले "न्यायलय प्रतिको जनआस्थामा प्रतिकुल असर पार्ने तथा अदालतको अवहेलना हुने गरी " कुनै कार्य नगरेकोले निवेदन खारेज गरी पाउँ भनी विपक्षीहरुको लिखित जवाफ रहेको देखिन्छ। यस अदालतबाट जारी भएको आदेशमा प्राधिकरण (नुवाकोट वितरण केन्द्र)लाई प्रतिवादी बनाएको पनि छैन भन्ने सम्मानित अदालतबाट लाईन बन्द गर्नु भन्ने आदेश पनि भएको छैन र जसले लाईन लिएकाछन ति ग्राहकहरुले पनि बिजुली लाईन काटी पाउँ मिटर बन्द गरी पाउँ भनी निवेदन दिएको अवस्थासमेत नहुदाँ यस वितरण केन्द्रबाट अदालतको अपहेलनाजन्य कुनै कार्य नगरेको हुँदा विपक्षीको निवेदन खारेज गरी पाउ

भन्नेसमेतको विद्युत प्राधिकरण (नुवाकोट वितरण केन्द्र)को लिखित जवाफ रहेको देखिन्छ ।

१७) निर्णयतर्फ विचार गर्दा, नेपालको संविधानको धारा ५६ बमोजिम नेपालको मुल संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको संघीय संरचनामा भई प्रदेश सभा र प्रदेश सरकारसमेत गठन भई तिनै तहका अङ्ग र निकायहरुबाट आवश्यक कानून बनाउँदै गरेको अवस्था छ । संविधानको धारा ५७ बमोजिम प्रदेश सभाले संविधानको अनुसूची-६ बमोजिमका एकल अधिकार सूचीका विषयमा संविधान र संघीय कानूनसँग नबाझिने गरी कानून बनाउन सक्ने संवैधानिक अधिकार प्राप्त रहे भएकै अवस्था छ। सोही अधिकार प्रयोग गरी प्रदेश सभाले "कर तथा गैर कर राजश्व सम्बन्धी ऐन,२०७५" बनाएको र उक्त ऐनको दफा १५(५) ले दिएको अधिकार प्रयोग गरी "नदीजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि,२०७५". प्रदेश सरकार (मन्त्रिपरिषद्) ले स्वीकृत गरेको हो भन्ने प्रदेश सरकारसमेतको लिखित जवाफबाट देखिन्छ । ।

१८) नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७०।०३।२७ र मिति २०७०।०५।१७ को निर्णयलाइ प्रमुख आधार मानी भौगोलिक विषमताको आधारमा जनसंख्या तथा वातावरण मन्त्रालयले रोडा ढुङ्गा संकलन तथा क्रशर उद्योगको दुरी सम्बन्धी मापदण्ड, २०७३ जारी गरेको देखिन्छ । उद्योगहरुले उक्त मापदण्डमा उल्लेखित दुरी लगायतका अन्य मापदण्डहरु पालना गर्नुपर्ने हुँदा उक्त मापदण्ड निर्देशिकाले देहाय बमोजिमको मापदण्ड निर्धारण गरी मापदण्ड पूरा नगर्ने उद्योगहरु तत्काल बन्द गर्ने व्यवस्था भएको देखिन्छ ।

<u>दुरी सम्बन्धी मापदण्ड</u>

| क.स. | विवरण | दुरी सम्वन्धी मापदण्ड | |
|---|---|---|---|
| | | पहाडी क्षेत्रको हकमा | तराइ तथा भित्री मधेश हकमा |
| क | नदी, खोलाको वर्षातको प्रवाह सीमा किनारबाट | ३०० मि. | ५०० मि. |
| ख | हाईटेन्सन लाईनबाट | १०० मि. | १०० मि |
| ग | राजमार्गको Right of way बाट | ३०० मि. | ५०० मि. |
| घ | शिक्षण संस्था, स्वास्थ संस्था, | १ कि.मि. | २ कि.मि. |

| | | | |
|---|---|---|---|
| | धर्मिक, सांस्कृतिक, पुरातात्विक महत्वका स्थान तथा सुरक्षा निकायबाट | | |
| ङ | निकुञ्ज, आरक्ष र संरक्षण क्षेत्रबाट | २ कि.मि. | २ कि.मि. |
| च | घना वस्तीबाट | २ कि.मि. | २ कि.मि. |
| छ | वनक्षेत्रबाट | १ कि.मि. | २ कि.मि. |
| ज | पक्की पुलबाट | ५०० मि. | ५०० मि. |
| झ | अन्तर्राष्ट्रिय सीमाबाट | कम्तिमा १ कि.मि. | कम्तिमा १ कि.मि. |

नोटः दूरी मापन गर्दा उद्योगको अन्तिम सीमानाको बाहिरी घेराबाट मापन गर्नु पर्नेछ

संघीय सरकारले माथि उल्लेखित निर्धारण गरेको मापदण्डको आधारमा बागमती प्रदेश, प्रदेश नं.३ सरकारले "नदीजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि, २०७५" स्वीकृत गरी ढुङ्गा, गिटी, बालुवा आदी उत्खनन, दोहन, संङ्कलन र निकासी गर्ने क्रसर उद्योगहरुको स्थापना र सञ्चालन प्रचलित कानूनको सीमा भित्र रही व्यवस्थापन गरेको नै देखिन्छ। प्रस्तुत मुद्दा दायर हुनु भन्दा पछि बनेको ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी भएकोमा, बागमती प्रदेश सरकारले पनि सोही मापदण्ड अनुसार नीति तथा कानून बनाउने कार्य गरिरहेको भनी बहसको सिलसिलामा मुख्य न्यायाधिवक्ताले इजलास समक्ष जानकारी समेत गराएको पाइयो।

१९) रिट नं. ०७४-WO-०७०४ को उत्प्रेषण परमादेश निवेदनमा नेपाल विद्युत प्राधिकरण वितरण तथा ग्राहक सेवा निर्देशनालय, नुवाकोट वितरण केन्द्रलाई विपक्षी नबनाएको तथा यस अदालतबाट मिति २०७५/०१/२५ मा जारी भएको अन्तरिम आदेशमा लाईन बन्द गर्नु भन्ने यस प्राधिकरण (नुवाकोट वितरण केन्द्र) को नाममा आदेश जारी भएको मिसिल प्रमाणबाट समेद देखिंदैन।

२०) **अदालतको अवहेलना जन्य कार्य हुनको लागि मुख्यतः अदालतको कार्यमा वाधा अवरोध सृजना गरेको, अदालत र न्यायाधीश प्रती जनआस्था विग्रने गरी झुठ्ठा, भ्रमपूर्ण र गलत समाचार र टिप्पणीहरु गरेर अनास्था फैलाउने कार्य गरेको र अदालतको आदेश र फैसलालाई अवज्ञा गरेको हुनु पर्ने हुन्छ।** प्रस्तुत निवेदन जिकिरको सन्दर्भमा उपरोक्त तथ्यगत विश्लेषणको आधारमा हेर्दा, बागमती प्रदेश, प्रदेन नं. ३ को सरकारलाई संविधानको धारा ५६ बमोजिम अनुसूची-६ मा उल्लेखित एकल अधिकार सूचीका विषयमा कानून बनाउने अधिकार रहेको हुँदा बागमती प्रदेश

सरकारले संविधानको सोही धारा अन्तर्गतको अधिकार प्रयोग गरी संविधान र संघीय कानूनको भावनासंग नबाझिने गरी "कर तथा गैर कर राजश्व सम्बन्धी ऐन, २०७५" बनाएको देखिन्छ। उक्त ऐनको दफा १५ (५) ले प्रदेश सरकारलाई रोडा, गिट्टी, ढुङ्गा र बालुवा प्रशोधन र क्रशर उद्योगको सम्बन्धमा मापदण्ड निर्धारण गर्ने कार्यविधि बनाउन अधिकार प्रदान गरे बमोजिम "नदिजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि-२०७५ स्वीकृत गरी लागु भएको देखिन्छ। यो कार्यविधि संघीय सरकारले बनाएको" रोडा, ढुङ्गा, संकलन ता क्रशर उद्योग दुरीसम्बन्धी मापदण्ड-२०७३" का प्रावधानहरुसंग मेल खाने गरी बनेको र साथै अमिल्दा प्रावधानहरु भए तिनीहरुलाई संघीय सरकारबाट पछि बनेको ढुङ्गा, गिटी तथा बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड-२०७७ का प्रावधानसंग मिल्ने गरी व्यवस्था गर्ने भनी प्रदेश सरकारको प्रतिवद्धता रहेको छ। यस प्रकार प्रदेश सरकारले उक्त कार्यविधि संविधान र कानूनको दायरा भित्र रहेर बनाएको र सोको परिपालना पनि गर्दै आएको देखिन्छ। यसरी नै त्रिशुली र तादी नदिमा संचालित बालुवा प्रशोधन, क्रशर र खानी र उद्योगहरुलाई विद्युत प्राधिकरणबाट विद्युत प्रवाह भै राखेको र दर्ता नभएका र गैर कानूनी रुपमा साथै मापदण्ड पुरा नगरी संचालित भै रहेका उद्योगहरुलाई विद्युत आपूर्ति नगर्नु, बन्द गर्नु र रोक्नु भनी निवेदनमा जिकिर एवं अन्तरिम आदेशको माग गरे पनि यस अदालतबाट मिति २०७५।०१।१५ गते जारी भएको अन्तरिम आदेशमा विद्युत आपूर्ति सम्बन्धमा कुनै अन्तरिम आदेश जारी भएको देखिंदैन। अन्तरिम आदेश जारी नै नभएको विषयमा सोको अवज्ञा भयो भन्ने जिकिर नै कानून सम्मत हुन सक्दैन। बागमती प्रदेश, प्रदेश नं. ३ को सरकारबाट बनाएको माथि उल्लेख भए बमोजिम ऐन र कार्यविधि-२०७५ र उद्योगहरुलाई विद्युत आपूर्ति गर्ने गरेको कार्य कानून, संविधान सम्मत नै भएको देखिंदा सोको उल्लंघन गरेर अदालतको अवहेलना गऱ्यो भन्ने जिकिर कानून सम्मत देखिन आएन।

२१) तसर्थ माथि उल्लिखित आधार कारणबाट संवैधानिक व्यवस्था अनुसार अनुसूची-६ बमोजिमका एकल अधिकार सूचीका विषयमा संविधान र संघीय कानूनसँग नबाझिने गरी प्रदेश सभाले "कर तथा गैर कर राजश्व सम्बन्धी ऐन,२०७५" बनाएको र उक्त ऐनको दफा १५ (५) ले दिएको अधिकार प्रयोग गरी "नदीजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि,२०७५" नेपाल सरकार जनसंख्या तथा वातावरण मन्त्रालयको "रोडा ढुङ्गा संकलन तथा क्रशर उद्योगको दुरी सम्बन्धी मापदण्ड-२०७३" को

समान मापदण्डको आधारमा प्रदेश सरकार (मन्त्रिपरिषद्) ले स्वीकृत गरेको पाइन्छ। आज यसै इजलासबाट यसै लगाउको ०७४-WO-०२०५ को रिट निवेदनमा उत्प्रेषणयुक्त परमादेश समेत जारी भएको र ०७४-WO-०७०४ रिट निवेदन खारेज हुने ठहरी फैसला भै ती फैसलामा विस्तृत रुपमा बुँदाहरु उल्लेख गरी थप निर्देशनात्मक आदेश समेत जारी भै सो को आधारमा नदीजन्य, प्राकृतिक श्रोतहरुको उत्खनन् र दर्ता नै नगरी संचालनमा रहेका बालुवा प्रशोधन, क्रशर र खानी उद्योगहरुलाई बन्द गर्न र दर्ता गरी मापदण्ड पुरा नगरी संचालनमा रहेका ती उद्योगहरुको नविकरण र मापदण्ड पुरा गर्नु पर्ने कार्यहरु नियमित र व्यवस्थित गर्नमा सघाउ पुग्ने हुँदा निवेदकको निवेदन माग बमोजिम विपक्षीहरुले अदालतको अवहेलना हुने कार्य गरे भन्ने निवेदन जिकिर पुग्न सक्तैन। प्रस्तुत निवेदन खारेज हुने ठहर्छ। प्रस्तुत आदेशको जानकारी मुख्य न्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीहरुलाई दिई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू ।

न्यायाधीश

उक्त रायमा सहमत छु।

न्यायाधीश

इजलास अधिकृत(उपसचिव) : देवी चौधरी

कम्प्युटर : प्रेमबहादुर थापा

इति सम्वत् २०७७ साल चैत्र ९ गते रोज २ शुभम्---------------------------।